थबाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय
# रोजगार सेवा केन्द्र

थबाङ, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल ।

प.सं.२०७९/०८०
चलानी नं. ५४१

मिति: २०७९/१०/२७

श्री वडा कार्यलय सबै
थवाङ गाउँपालिका, रोल्पा ।

**विषय : आवश्यक सहजिकरण गरिदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) मार्फत आगामी आर्थिक बर्ष २०८०/०८१ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकासका कार्यका योगदान गर्न ईच्छुक त्यस वडाका **अति विपन्न, दलित, सहिद तथा वेपत्ता परिवार, वैदेशिक रोजगारबाट फर्केका, तथा अन्य बेरोजगार व्यक्तिहरु**लाई जानकारी गराई फर्म संकलन कार्यमा आवश्यक सहजिकरण गरिदिन अनुरोध छ। साथै सङकलित फर्म वडा स्तरमा आवश्यक छानविन गरी मिति **२०७९ चैत्र ०३** गतेसम्म रोजगार सेवा केन्द्रमा आइपुग्नेगरी पठाईदिन अनुरोध छ।

**बेरोजगार छनौट प्रकृयाको प्राथमिकता निर्धारणका आधार :**

१.कृषि उत्पादनले ३ महिना खान नपुग्ने परिवार
२.बसोवासका लागि आफ्नै घर नभएको भूमिहीन परिवार
३.एकल महिला घरमुली भएको परिवार
४.दलित, अल्पसंख्यक वा लोपउन्मुख समुदायको परिवार
५.कोहि पनि सदस्य स्वरोजगार नभएको वा सामाजिक सुरक्षा लगायत सरकारी कोषबाट सुविधा नलिएको परिवार
६.सहिद तथा वेपत्ता परिवार
७.महिला बेरोजगार व्यक्ति
८. वैदेशिक रोजगारबाट फर्किएको व्यक्ति
९.अन्य बेरोजगार व्यक्ति

(विष्णु पौडेल)
रोजगार संयोजक

(हेमराज घर्तीमगर)
प्रमुख प्रशासकीय अधिकृत

"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"
सम्पर्क : ९८५७८२४७५०, www.facebook.com/thabangruralmunicipal
email: thabangrm58@gmail.com, website: www.thabangmun.gov.np